# पूर्वाञ्चल मिडिया सम्मेलनद्वारा जारी
## तेह्रथुम घोषणापत्र, ०६९ असार १६ गते

१) यो सम्मेलन मुलुकको वर्तमान गतिरोधको निकासका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण, विघटित संविधानसभामा भएका सहमतिको आधारमा संविधानका विवादित विषयको समाधान र नयाँ निर्वाचनको घोषणालाई एकैसाथ अगाडि बढाउन आह्वान गर्दछ।

२) पत्रकारहरुमाथि भइरहेको आक्रमण रोक्न सबैमा आह्वान गर्दै पत्रकारहरुको भौतिक सुरक्षा र प्रेस स्वतन्त्रताको ग्यारेण्टी गर्न सरकारसँग यो सम्मेलन माग गर्दछ।

३) पत्रकार यादव पौडेलसहित राज्य र विभिन्न पक्षद्वारा हत्या गरिएका पत्रकारहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै दोषीमाथि कडा कार्वाही गर्न यो सम्मेलन माग गर्दछ। साथै पत्रकारमाथि आक्रमण गर्नेहरुमाथि कडा कार्वाहीको माग गर्दछ।

४) श्रमजीवी पत्रकार ऐन लागू भइसकेको भएपनि कार्यान्वयन पक्ष पूर्वाञ्चलमा अझै फितलो रहेकोले पत्रकारहरु पेशाबाट पलायन हुनुपर्ने अवस्था आएको हुँदा तत्काल ऐन कार्यान्वयन गराउन र कार्यान्वयन नगर्ने सञ्चार प्रतिष्ठानलाई कानुनी कार्वाहीको दायरामा ल्याउन यो सम्मेलन माग गर्दछ। ऐन कार्वान्वयन नगर्ने सञ्चार प्रतिष्ठानहरुको नवीकरण नगर्न, लोककल्याणकारी विज्ञापनसहित सरकारी निकायका विज्ञापन र अन्य सेवा सुविधा बन्द गर्ने व्यवस्था गर्न सरकारसँग यो सम्मेलन माग गर्दछ।

साथै पूर्वाञ्चलमा कार्यरत सञ्चारकर्मीहरुलाई कतिपय सञ्चार प्रतिष्ठानहरुले लामो समयदेखि पारिश्रमिक उपलब्ध नगराएकोले तत्काल उक्त पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित सञ्चार प्रतिष्ठानलाई आग्रह गर्दै त्यसको लागि आवश्यक पहल गर्ने प्रतिबद्धता यो सम्मेलन गर्दछ।

६) श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका मुद्दालाई प्रेश स्वतन्त्रताको मुद्दासँगै उठाउन सञ्चार सम्बद्ध संस्थाहरुलाई आह्वान गर्दै नियुक्ति पत्र र न्युनतम पारिश्रमिकको सुनिश्चित नभएसम्म सञ्चार प्रतिष्ठानमा काम नगर्न सबै सञ्चारकर्मीहरुलाई यो सम्मेलन आग्रह गर्दछ। साथै नियुक्ति पत्र नदिई सञ्चारकर्मीहरुलाई काममा नलगाउन सञ्चार प्रतिष्ठानलाई आग्रह गर्दछ।

७) मोफसलका सञ्चार प्रतिष्ठानको स्थायीत्वको लागि समानुपातिक विज्ञापन नीति लागू गर्न र स्थानीय निकायका विज्ञापन अनिबार्य रुपमा स्थानीय सञ्चार माध्ययमा उपलब्ध गराउने व्यवस्था गर्न यो सम्मेलन माग गर्दछ।

८) सञ्चार प्रतिष्ठानको वर्गीकरणलाई बैज्ञानिक र पारदर्शी बनाउन तथा प्रेस काउन्सिल नेपालको पुनर्संरचना गरी स्थानीय तहसम्म विस्तार गर्न सम्मेलन माग गर्दछ। साथै बढ्दो महंगीको तुलनमा सूचना विभागले प्रदान गर्ने लोककल्याणकारी विज्ञापनको रकम बृद्धि नगरी कर लागू गरेकोले त्यसमा कम्तिमा ५० प्रतिशत रकम बृद्धि गरी कर लागू गर्न माग गर्दछ।

९) पत्रकारको व्यवसायिक दक्षता अभिबृद्धिको लागि मोफलसमा पनि विभिन्न तालिम सञ्चालन गर्न आवश्यक

सहयोगको लागि पत्रकार महासंघ केन्द्रीय समिति, सूचना विभाग, प्रेस काउन्सिल र अन्य सम्बन्धित निकायसँग आह्वान गर्दै यो सम्मेलन पत्रकारहरुको लागि प्राप्त हुने तालिम, विदेश भ्रमण र अन्य अवसरहरुमा मोफसलको प्रतिनिधित्व अनिवार्य गर्न सम्बन्धित सबै पक्षसँग माग गर्दछ।

१०) यो सम्मेलन पत्रकार आचारसंहितालाई पूर्ण रुपमा कार्यान्वयन गर्दै पत्रकारिता पेशालाई स्वच्छ र मर्यादित बनाउने प्रतिबद्धता गर्दछ। साथै पेशागत मर्यादा कायम गर्न पत्रकारितालाई मुख्य पेशा नबनाउने महासंघका सदस्यहरुलाई सम्मानसाथ विदा गर्दै कडाईपूर्वक शुद्धिकरण लागू गर्ने प्रतिबद्धता गर्दछ।

११) यो सम्मेलन पत्रकारिता क्षेत्रमा महिला, आदिवासी जनजाति, मधेसी, दलित र पछाडि पारिएका क्षेत्रको सहभागितामा बृद्धि गर्न आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

१२) समावेशीकरण र समानुपातिक प्रतिनिधित्वलाई राज्यले स्वीकार गरिसकेको अवस्थामा त्यसलाई आत्मसाथ गरेर सञ्चार प्रतिष्ठान सञ्चालन गर्न यो सम्मेलन सरकार र सम्बन्धित सबैमा आह्वान गर्दछ।

१३) लालीगुराँसको राजधानीको रुपमा रहेको तीनजुरे मिल्के जलजले क्षेत्रको संरक्षण र विकासमा राष्ट्को ध्यान आकर्षित गर्दै पर्यटकीय क्षेत्रको रुपमा विस्तार गर्न व्यापक प्रचार प्रसार गर्न यो सम्मेलन प्रतिबद्धता गर्दछ।

१४) ह्यातुंग झरना, गुफापोखरी, चिचिलिंग पोखरी, सिंहबाहिनी मन्दिर, छथरको याकुम्बा गढीलगायत तेह्रथुममा रहेका क्षेत्रको पर्यटकीय संभावनाको प्रचार प्रसार गर्दै विकास र संरक्षणको लागि राज्यको ध्यान केन्द्रीत गराउने प्रतिबद्धता गर्दछौं।

१५) सम्मेलन सफल पार्न सहयोग गर्ने महासंघ तेह्रथुम शाखा, शाखाका सदस्य पत्रकारहरु, तेह्रथुमका सरकारी कार्यालय, उद्योगी व्यवसायी, संघसंस्था सबैमा यो सम्मेलन हार्दिक आभार व्यक्त गर्दछ। साथै सम्मेलनलाई सफल बनाउन उपस्थित महासंघ केन्द्रीय अध्यक्ष शिब गाउँले, न्युनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गोविन्द आचार्य, महासंघका महासचिब ओम शर्मासहित प्रेस चौतारी नेपाल, नेपाल प्रेश युनियन, क्रान्तिकारी पत्रकार संघ नेपाल र आदिवासी जनजाति पत्रकार संघका केन्द्रीय पदाधिकाहरुमा आर्दिक धन्यवाद ज्ञापन गर्दछ।

२०६९ असार १६ गते